# लोमन्थाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लोमन्थाङ, मुस्ताङ

पत्र सङ्ख्या :२०८१/०८२
सुचना नं. : १६

लोमन्थाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मुस्ताङ गण्डकी प्रदेश, नेपाल २०७३

## घर भाडामा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१।१२।१९**

यस लोमन्थाङ गाउँपालिका अन्तर्गत संचालित लोमन्थाङ आयुर्वेद औषधालयको लागि घर भाडामा लिन आवश्यक परेकाले निम्न अनुसारका घर तथा कोठा भएका इच्छुक घर धनीले तपसिल अनुसारका कागजात सहित सूचना प्रकाशन भएका मितिले १५(पन्ध्र) दिन भित्र सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना सार्वजनिक गरिएको छ ।

शर्तहरुः

१. प्रस्ताव गर्ने घरमा भूई तल्ला, पानीधारा,बिजुली, शौचालय, बाथरुम भएको हुनुपर्नेछ
२. भाडामा दिने घर लोमन्थाङ गाउँपलिकाको वडा नं. ०५ बजारको रोड लाइनमा भएकोलाई प्राथामिकता दिइने छ।
३. प्रस्ताव गर्ने घरमा १ बाहिरी कोठा (सटर ) र २ देखि ३ अन्य कोठा भएको हुनुपर्ने छ।
४. पक्की घर लाई प्राथामिकता दिइने छ।
५. निवेदन साथ घर बनेको जग्गाको लालपुर्जा प्रमाणपत्रको प्रतिलिपी र चालू आ.व. को सम्पती कर तिरेको रसिदको प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।
६. प्रस्तावमा वार्षिक भाडा रकम अङ्क र अक्षरमा स्पष्ट खुलाई पेश गर्नुपर्नेछ ।
७. प्रस्ताव पेश गर्नुपर्ने मितिः २०८१।१२।१९ गते देखि २०८२।०१।०२ गते कार्यालय समय भित्र।
८. प्रस्ताव पेश गर्ने स्थानः लोमन्थाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ।
९. प्रस्ताव स्वीकृत गर्ने नगर्ने लगायतको अन्य कुरा गाउँपालिकाको निर्णय अनुसार हुनेछ।
१०.यस बारेमा थप जानकारी प्राप्त गर्न ९८५७६३०३३०, ९८४९८८१८४१ मा सम्पर्क गर्न सकिनेछ।

२०८१।१२।१९

बिकाश के.सी.
प्रमुख प्रशासकीय अधिकृत

Email: lomanthanggaupalika@gmail.com
Website:www.lomanthangmun.gov.np